राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY
१७ औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २३३ ॥ २०८२ असोज २८ गते मंगलबार (14th Oct 2025 Tuesday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

# हर्क साम्पाङ भोट मार्गदै झापामा



मेचीनगर(प्रस) । धरान उपमहानगरपालिकाका नगर प्रमुख हर्कराज राई 'साम्पाङ' ले 'राष्ट्रिय संस्कृति पार्टी' नामक पार्टी दर्ताका लागि निवेदन दिएलगत्तै सक्रियता पनि बढाएका छन् । नगरप्रमुख निर्वाचित भएयता उनी खानेपानी आयोजना निर्माणमा सक्रिय छन् । धरानमा साम्पाङले 'श्रमदान' अभियान नै चलाएका थिए । सोही अभियानअन्तर्गत सोमबार झापाको मेचीनगर ६ काँकरभिट्टामा 'श्रम अभियान घोषणा कार्यक्रम' लाई सम्बोधन गर्न आइपुगेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि साम्पाङले पूर्वी प्रवेशद्वारमा नेपालको झण्डोत्तलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए । यसैबीच पछिल्लो समय जेनजी आन्दोलनपछि बनेको नागरिक सरकारको नेतृत्व चयनको बेलामा पनि साम्पाङ काठमाडौं पुगेका थिए । बोल्ने क्रममा उनले भने-'म प्रधानमन्त्री बन्न गएको होइन । प्रधानमन्त्री संवैधानिक हिसावले नेपाली नागरिक जो कोहि पनि हुन सक्छ । तर, पदका लागि म त्यहाँ गइनँ । मलाई कसैले फोन गरेर देश खतम भयो जिम्मा लिनुपर्यो भनेपछि सेनाको कर्फ्यू छिचोल्दै पाँचसय किलोमिटर टाढाबाट काठमाडौँ पुगेको र त्यहाँको गतिविधि देखेर दुःख लागेर आफु धरान फर्के ।' विदेशी दूतावासको गुलामी भएर मन्त्री हुनु भन्दा जनताको कमारो हुनु आफूलाई स्वीकार्य भएको भन्दैं धरान फर्केको उनले स्पष्ट पारे ।

देश दुईवटा ध्रुविकरणमा जाने दाबी गर्दैं उनले भने–' पहिलो देशभक्त (राष्ट्रवादी) नागरिकहरु एकातिर र अर्कोतिर विदेशीको क्रिडास्थल बनाउन लागि परेका दलालहरु । 'यी दुई बीचको लडाइ अब शुरु हुने र अन्त्यमा राष्ट्रवादीहरुको जीत हुने ठोकुवा समेत गरे । 'जेन–जी पुस्ताहरुले विभिन्न माग राखेर भदौ २३ र २४ गते आन्दोलन गरेपनि उनीहरुको माग पुरा नभएको बताए । मुलुकको प्रशासनिक केन्द्रका रुपमा रहेको ऐतिहासिक सिंहदरवार, राष्ट्रपति भवन,संसद भवन, न्याय सम्पादनको उपल्लो निकाय सर्वोच्च अदालतलगायतका सम्पदाहरुमा भएको आगजनी, लुटपाटविरुद्ध उनले खुलेरै विरोध गरे ।

उनले मातृभूमिको कसम खाएर भने, ' हर्क साम्पाङलाई यो संसारमा किन्ने कुनै धनराशी छैन । यहाँका धेरै नेताहरु लाख, करोडमा बिक्री भइरहेका छन् । श्रम गर्नु पर्छ । उत्पादनमा लाग्नु पर्छ । देशको इमानदार नागरिक बन्न कसैले रोक्न सक्दैन ।' अब देशलाई विदेशीको क्रिडास्थल बन्न नदिन देशभक्त नागरिकहरु एकजुट हुनु पर्ने उनको भनाई छ । काँकरभिट्टा बजारमा स्थानीय युवाहरुले आयोजना गरेको 'श्रम अभियान घोषणा कार्यक्रम'मा प्रमुख अतिथिका रुपमा सहभागी हुन पाउँदा ज्यादैं खुशी देखिने उनले श्रम गीतबाट कार्यक्रम शुरु गरे ।

खानेपानीको मुद्दा बोकेर हिँडेका साम्पाङलाई गत स्थानीय तह निर्वाचनमा धरान उपमहानगरपालिकाको नगरप्रमुख निर्वाचित गरेका थिए । उनी सामाजिक सञ्जालमा पनि अत्यन्तै सक्रिय रहन्छन् ।कार्यक्रमको अध्यक्षता स्थानीय समाजसेवी बालकृष्ण थापाले र सहजीकरण युवा नेता केवलराम राईले गरेका थिए ।

# अबैध बाटो रोज्दा विदेशमा बेचिनु पर्ने बाध्यता

• **द्रोण अधिकारी**

भद्रपुर । वैदेशिक रोजगारीका लागि अबैध बाटो रोजेर घर छोड्ने अधिकांश नेपाली युवायुवती कामको बहानामा दलालबाट बेचिनु पर्ने अवस्था भयावह बन्दै छ ।

राम्रो काम र दाम पाउने आशमा अबैध बाटो हुँदै घर छोडेर हिड्ने अधिकांश कामदार नेपालदेखि गन्तव्य मुलुकसम्म पुग्दा कम्तिमा तीन पटक बिक्री हुने गरेको घटना विवरणले देखाउने गरेको हो ।

विपन्न परिवारका सामान्य साक्षर महिलाहरूलाई राम्रो कामको लोभ देखाएर गाउँगाउँबाट भेला गर्दै दलालहरूले भारतीय बाटो हुँदै खाडी मुलुक पठाउँदा भारत, दुबइ हुँदै जुन देशमा पठाउने हो सो देश समेत गर्दा महिला कामदार कम्तिमा तीन पटक बेचिनु परेको अवस्थाले खुलाउँछ । भारत र दुबइ नेपाली महिला कामदार किनबेचको मूल केन्द्र बन्दै गएका छन् भने बेचिनु पर्ने बाध्यतामा परेका महिला कामदारलाई अबैध बाटो रोजेका कारण सरकारी स्तरबाट उद्धार गर्न पनि निकै कठिन बन्दै गइरहेको छ । यस्तै पुरूष कामदारको हालत पनि उस्तै छ । स्वदेशबाटै विदेश काममा जाँदा समेत भिजिट भिसा बनाएर दलालहरूले दुबइ पुर्‍याएर विभिन्न देशका लागि बेच्ने गरेका छन् । भारतीय बाटो रोज्नेहरू त भारतबाटै बेचिएर दुबइ हुँदै पटक पटक बेचिदा फन्दामा पर्ने अवस्था छ । यी घटना हेर्दा दुबइ विदेशमा कामका लागि जाने नेपाली कामदार खरिदबिक्री केन्द्र बन्दै गइरहेको छ । बेचिने महिला कामदार घरेलु कामका लागि मध्य एसियादेखि युरोपियन देशसम्म नै एक देशको दलालले अर्को देशको दलाललाई बेच्ने गर्दछ । पटक पटक बिक्री हुँदा समेत महिला कामदारले बेचिएको चाल भने पाउँदैनन् । जब गन्तव्य स्थलबाट कार्यस्थलमा पाइला राख्छन् तब आफू बेचिएको प्रष्ट बुझ्छन् । आफू बेचिएर कष्ट खप्दै घर फर्किएपछि ती महिला वैदेशिक रोजगारीमा जानेभन्दा आफैं दलाल भएर नेपालको एजेन्ट बन्दै विदेशतिर महिला कामदार बेच्ने काममा लागेको समेत पाइएपछि नेपाली महिला कामदार सुरक्षित कामका लागि वैदेशिक रोजगारमा निकै कम पुग्ने अवस्थाले देखाउँछ । सरकारले प्रतिबन्ध लगाएको ठाउँमा अबैध बाटो हुँदै जान तयार हुने अधिकांश महिला कामदार घरपरिवारलाई समेत जानकारी नदिइ दलालको भरमा जाँदा सहजै बेचिने अवस्था छ । यस अवस्थालाई स्थानीय तह, प्रदेश र संघीय सरकारसम्म आउने उजुरीले प्रमाणित गर्ने गरेका छन् ।

वैदेशिक रोजगारमा पठाउने एजेन्ट नै नरहने कानुनी व्यवस्था भए पनि गाउँगाउँमा एजेन्ट हुँ भन्दै ठग्ने गिरोह सकृय रहेको अवस्था छ । सामान्यतया वैदेशिक रोजगारमा जाने श्रमिकलाई रोजगारदाता कम्पनीले लाने ल्याउने प्रबन्ध कानूनमै किटान गरिएको

❖ बाँकी पृष्ठ ४ मा

# विपिन जोशीको मृत्यु भइसकेको हमासले गर्यो पुष्टि



झापा(प्रस) । हमासको सैन्य शाखा अल-कसम ब्रिगेडले इजरायललाई नेपाली विद्यार्थी विपिन जोशीसहित चार जना बन्धकका शव फिर्ता गर्ने घोषणा गरेको छ ।

हमासले विज्ञप्ति जारी गर्दै उनीहरूको मृत्यु गाजामा इजरायली हवाई आक्रमणका क्रममा भएको दाबी गरेको छ । फिर्ता गरिने चार बन्धकका शवमा जोशी र इजरायली नागरिकहरु गाई इलोज, योसी शाराबी र ड्यानियल पेरेट्ज रहेका छन् ।

हमासले अन्तर्राष्ट्रिय रेड क्रसको समन्वयमा सोमबार नै शवहरू इजरायली पक्षलाई हस्तान्तरण गरिने जनाएको छ। इजरायली सुरक्षा अधिकारीहरूले पनि रेडक्रसमार्फत शवहरू प्राप्त गर्ने तयारी भइरहेको पुष्टि गरेका छन्।

होस्टेज एण्ड मिसिङ फोरमले हमासको यो कदमलाई 'पीडादायी तर महत्वपूर्ण' भनिएको छ । समूहले विज्ञप्तिमा भनेको छ, 'यी परिवारहरूले अन्ततः आफ्ना प्रियजनहरूको अन्तिम अवस्था थाहा पाउनेछन्, यद्यपि त्यो सत्य अत्यन्त कठोर छ ।'

# एमालेका २३ वटा जनवर्गीय संगठनले बुझाए ज्ञापनपत्र

झापा(प्रस) । नेकपा एमालेका विभिन्न २३ वटा जनवर्गीय संगठनले संयुक्तरुपमा सरकारलाई ज्ञापनपत्र बुझाएका छन् । जिल्ला प्रशासन कार्यालय झापामार्फत जिल्ला प्रशासन कार्यालय पुगेका थिए । र्यालीमा सहभागी नेता कार्यकर्ताले वर्तमान सरकारको कार्यशैली ठीक नभएको भन्दै आपत्ति प्रकट गरे ।




उनीहरूले सरकारलाई ज्ञापनपत्र पठाएका हुन् ।

जेनजी आन्दोलनका क्रममा निजी तथा सार्वजनिक सम्पत्तिमा भएको तोडफोडमा संलग्नलाई पक्राउ गरी कारबाही गर्नुपर्ने लगायतका माग राखेर एमालेका जनसंगठनले सरकारको ध्यानाकर्षण गराएका हुन् ।

चन्द्रगढी चोकमा भेला भएका एमालेका नेता कार्यकर्ता ज्ञापनपत्र बुझाउन र्यालीसहित सरकारविरुद्ध नाराबाजी गर्दै पुगेका एमाले नेता कार्यकर्ताले सरकारद्वारा गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगलाई अस्वीकार गर्ने जनाएका छन् । आयोगमा राखिएकाहरूले आन्दोलनका क्रममा पूर्वाग्रही विचार, धारणा र टिप्पणीहरू सार्वजनिक गरिसकेको सन्दर्भमा एमालेले उक्त आयोगलाई स्वीकार गर्न नसकिने जनाउँदै आएको छ । आयोगको निष्पक्षतामाथि प्रश्न उठेकाले त्यसले गर्ने छानबिन र ल्याउने प्रतिवेदनलाई स्वीकार गर्न नसकिने एमाले नेता कार्यकर्ताको ठहर छ ।

भ्रष्टाचारमा संलग्नलाई कारबाही गर्न र सार्वजनिक सम्पत्तिमा भएको तोडफोड र आगजनीको घटनामा संलग्नका विषयमा प्रभावकारी अनुसन्धान गर्न समेत एमाले नेता कार्यकर्ताले सरकारलाई अनुरोध गरेका छन् ।

व्यक्तिको निजी सम्पत्तिमा समेत भएको आक्रमणको घटनालाई सरकारले गम्भीरतापूर्वक लिनुपर्ने एमाले नेता कार्यकर्ताको माग छ ।

ज्ञापनपत्रमा एमालेका जनसंगठनले काठमाडौँका मेयर बालेन शाह र जेनजी आन्दोलनका अगुवा भनिएका सुदन गुरुङको भूमिकाप्रति समेत गम्भीर प्रश्न उठाएका छन् ।

एमालेका जनसंगठनको ज्ञापनपत्र बुझ्दै झापाका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले मुलुकमा शान्ति सुव्यवस्था र सुशासन कायम गर्नका लागि दलहरूको भूमिका प्रभावकारी हुनुपर्ने बताउँदै आफ्नो भूमिकामा प्रतिबद्ध रहन अनुरोध गरेका छन् ।

# पेशा संकटमा पर्न लागेको लेखापढी कानून व्यवसायीको गुनासो

लक्ष्मी उप्रेती

मेचीनगर । मालपोत तथा नापी कार्यालयलगायत विभिन्न सरकारी अड्डामा लेखापढी व्यवसाय गर्दै आएका व्यवसायीहरुले आफ्नो पेशा संकटमा परेको गुनासो गरेका छन् । नेपाल लेखापढी कानून व्यवसायीहरुको पेशा संकटमा परेको भन्दैं लेखापढी व्यवसायीको गुनासो सुनिन थालिएको छ । लेखनदास हुँदै लेखापढी व्यवसायी र अहिले लेखापढी कानून व्यवसायीको रुपमा स्थापित पेशा संकटमा पर्दा सयौको पेशा संकटमा परेको उनीहरुको गुनासो छ ।

आर्थिक मन्दी, देशको अस्थिर राजनीति, कोराना भाइरस, २०७२ सालको महाभूकम्प, भर्खरै भएको जेन–जी प्रदर्शनलगायतका कारण आफ्नो पेशा संकटमा परेको सम्बद्ध व्यवसायीहरुको भनाई छ ।

नेपाल लेखापढी कानून व्यवसायी एशोसिएसन भद्रपुर शाखाका अनुसार एशोसिएसनमा तीनसयको हाराहारीमा दर्तावाला व्यवसायी आवद्ध भएपनि पछिल्लो समय थुप्रैले बैकल्पिक पेशा रोज्न थालेको संघका उपाध्यक्ष प्रकाश निरौलाले जानकारी दिए । दर्तावाला वाहेक अन्य पनि यो पेशामा थिए । शुरुमा यस पेशाप्रति व्यवसायीहरुको निक्कै आकर्षण भएपनि पछिल्लो समय व्यवसायबाट गुजारा चल्ने अवस्था नरहेपछि पुराना तथा नयाँ व्यवसायीहरु अन्य पेशाप्रति पलायन भएका छन् ।

'अब यो पेशाबाट हामी सन्तुष्ट हुने अवस्था रहेन' उपाध्यक्ष निरौलाले भने,' विगत दुई वर्षदेखि यससँग सम्बन्धित कारोवार निक्कै ओरालो लागेको छ । जव कि हामी यो व्यवसायबाट मात्रै घरबार चल्छ भन्नेमा अब पुग्न छाडियौं । ' हरेक वर्ष जग्गाको कारोवार ओरालो लाग्दैं गएको उनले बताए । जग्गा सम्बन्धित कारोवार चौपट्टै भएपछि नेपाल लेखापढी कानून व्यवसायीहरुको पेशा समेत धराशायी बनेको उनको भनाई छ । हरेक वर्ष एउटा फर्मले २६ सय बढी लिखत पास गर्ने गरेको भएपनि पछिल्लो समय एकहजार छ सय ५० वटामात्र लिखत पास भएको र आर्थिक वर्ष २०८१–०८२ मा त एकहजार ६ सयमात्र लिखत पास भएको उनले जानकारी दिए । यो पेशाबाट प्रत्यक्ष अप्रत्यक्षरुपमा तीनसयभन्दा बढीले रोजगार प्राप्त गरेको भएपनि अब यसबाट गुजारा चल्ने अवस्था नदेखेपछि २५ देखि ३० प्रतिशत व्यवसायी अन्यत्र पलायन भएको निरौलाको भनाई छ । ७० को दशकतिर जग्गालाई जसरी हेरिन्थ्यो अहिले त्यो पुरै घटेको उनको अनुभव छ ।

'२०७२ सालको महाभूकम्पपछि थला परेको नेपालको हरेक क्षेत्रलाई कोभिड १९ ले झन् थला पार्‍यो ' डेढ दशक अघिदेखि यो पेशामा आएका निरौलाले भने, ' हाम्रा जस्ता अन्य व्यवसायीहरुको व्यवसाय पुरानै लयमा फर्किन नसकेको अवस्था ,आर्थिक मन्दी, नेपालको अस्थिर राजनीति र जेन–जीको भदौं २३–२४ को प्रदर्शनलगायतका कारण पेशा संकटमा फस्यो । अब भने यो पेशाबाट गुजारा चलाउन सक्ने अवस्थामा नरहेको उनको भनाई छ । एशोसिएसनका कोषाध्यक्ष डिल्लीराम अधिकारीले यो पेशाबाट जीवन धान्न सक्ने अवस्था नरहेको प्रतिक्रिया दिए । 'केही वर्ष अघिसम्म हाम्रो आम्दानीको मुख्य स्रोत नै लेखापढी कानून व्यवसाय थियो' उनले भने,' अब भने त्यति सहज छैन । कारोवार ठप्प छ, दिन प्रतिदिन व्यवसाय ओरालो लाग्दैंछ, हामी अहिले जटिल मोडमा छौ । ' आर्थिक वर्ष २०७४/०७५ देखि व्यवसाय क्रमशः घट्दो रहेको उनको अनुभव छ । पुराना र नयाँ पुस्ताका झण्डै १० देखि १५ प्रतिशत व्यवसायी अहिले एशोसिएसनको सम्पर्कमा नरहेको, धेरै त वैदेशिक रोजगारका लागि विदेशिएका, कतिले वैकल्पिक पेशा रोजेको कोषाध्यक्ष अधिकारीले बताए ।

श्रीकृष्ण लेखापढी फार्मका सञ्चालक समेत रहेका अधिकारीसँगै पाँचजना व्यवसायी सम्बद्ध छन् । तर, फार्ममा काम चाप घटेपछि निक्कै फुर्सदिला बन्नु परेको छ । अधिकारीको फार्मबाट हरेक वर्ष १२ देखि १३ सयसम्म लिखत पास हुने गरेको भएपनि गत आर्थिक वर्ष २०८१/०८२ मा तीनसयवटा मात्र लिखत पास गरेको पीडा सुनाए । खासगरी अमेरिका, अष्ट्रेलिया, जापानलगायतका देश पुगेका नेपाली उतै बस्न रुचाउने, नेपालमा जग्गा जमिन नजोड्ने ,खाडी मुलुक गएकाहरुसँग पर्याप्त पैसा नहुने गरेका कारण पनि यो समस्या आएको अधिकारीको अनुभव छ ।

कति व्यवसायीले भने व्यवसायीहरु प्रविधिमैत्री बन्न नसक्दा पनि व्यवसाय संकटमा परेको विचार राखेका छन् । मालपोत कार्यालयमा अनलाइन भूसेवा प्रणालीजस्तै अन्य सरकारी कार्यालय प्रविधिमैत्री भएपछि प्रविधिलाई पछ्याउन नसक्दा यो पेशा संकटमा पर्न लागेको नेपाल लेखापढी कानून व्यवसायी एशोसिएसनका पूर्व केन्द्रीय सदस्य रमेश पोखेलले बताए । नयाँ प्रणालीले पुराना पुस्ताको पेशा संकटमा पार्न लागेको उनले बताए । कम्प्युटर सम्बन्धी ज्ञान नभएका पुराना पुस्ताको लागि भने यो पेशाबाट गुजारा चलाउनै समस्या रहेको बताइएको छ । नयाँ पुस्ताले नवीन प्रविधिमा काम गर्नुपर्ने उनको भनाइ छ । समयानुकूल परिवर्तन हुन नसक्ने व्यवसायी

❖ बाँकी पृष्ठ ४ मा

# अदालत र सडक प्रयोग गर्ने रणनीतिमा एमाले

झापा(प्रस) । विगतमा दुई-दुई पटक संसद् विघटन गरेको नेकपा एमाले जेजनी विद्रोहपछिका घटनाक्रमहरुलाई स्विकार्न तयार देखिएको छैन ।

जेनजी विद्रोहपछि बनेको सरकार र उक्त सरकारले विघटन गरेको प्रतिनिधि सभा तथा फागुन २१ को चुनावलाई स्विकार्नुको साटो एमालेले आफूलाई प्रतिनिधि पुनर्स्थापनाको पक्षमा उभ्याएको छ ।

एमाले सचिवालय बैठकले विघटित प्रतिनिधि सभा पुनर्स्थापनाको माग गर्दै न्यायालय र सडक दुवै प्रयोग गर्ने निर्णय नै गरिसकेको छ ।

सचिवालय बैठकपछि एमाले उपमहासचिव प्रदीप ज्ञवालीले संसद् विघटन असंवैधानिक भएकाले पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालत जाने बताइसकेका छन् ।

एमालेको यो निर्णयसँगै विगतमा दुई दुई पटक संसद् विघटन गर्ने एमाले अहिले किन प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा उभियो ? धेरैले यही प्रश्न गर्ने गरेका छन् । यो प्रश्नमा एमालेले पनि चित्तबुझ्दो जवाफ दिन सकेको छैन । उसले निर्वाचनको वातावरण नै नभएकाले संसद् पुनर्स्थापनाको माग अघि सार्नुपरेको जनाएको छ । यसको अर्थ वातावरण सहज बन्दै गए निर्वाचन स्विकार्ने एमालेको रणनीति देखिन्छ ।

'अहिलेका कुनै पनि गतिविधि चुनाव उन्मुख छैनन् । यो विघटन नै असंवैधानिक भएकाले त्यो (संसद्) पुनर्स्थापना हुनुपर्छ भन्ने हाम्रो माग छ,' ज्ञवालीले भनेका छन्,'अदालत खुलोस्, अनि हामी जान्छौं ।'

जेनजी आन्दोलनका क्रममा सिंहदरबार, संसद् भवन,सरकारी कार्यालय तथा व्यक्तिका निजी सम्पत्ति जलेका छन् । सर्वोच्च अदालत समेत आन्दोलनको प्रभावबाट बच्न सकेन । जेनजी आन्दोलनका क्रममा आगो लागेपछि सर्वोच्च अदालतमा रोकिएको नियमित काम मंगलबारबाट सुचारु हुँदैछ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ पुस ५ गते पहिलो पटक संसद् विघटन गरेका थिए । तर सर्वोच्च अदालतले फागुन ११ गते उक्त कदम असंवैधानिक भन्दै उल्ट्याइदियो ।

त्यसपछि पुन ओलीले नै २०७८ जेठ ८ गते दोस्रो पटक संसद् विघटन गरे । त्यसलाई पनि सर्वोच्च अदालतले असंवैधानिक ठहर गरेको थियो ।

त्यसबेला र अहिलेको राजनीतिक घटनाक्रममा भिन्नता भएको एमालेको दाबी छ ।

एमाले सचिव पद्मा अर्याल त्यो वेला र अहिलेको परिस्थिति फरक भएको बताउँछिन् । 'त्यसवेला प्रधानमन्त्री केपी ओलीले संसद् विघटन संविधानको अधिकार हो', अर्यालले भनिन, 'जब एउटा जनमत प्राप्त सरकारले आफूले काम गर्ने वातावरण हुँदैन, अनेक खालका अप्ठ्यारा हुन्छन् भने संविधानले त्यो अधिकार दिएको हुन्छ ।'

अहिलेको सरकार जननिर्वाचित नभएको र यसलाई संविधानले समेत त्यो अधिकार नदिएकाले असंवैधानिक भन्नुपरेको अर्यालको भनाइ छ । यद्यपि एमाले सचिवालयमा संसद् विघटनलाई स्वीकार गरेर निर्वाचनमा जानुपर्ने आवाज नउठेको होइन । नेताहरू सुरेन्द्र पाण्डे, योगेश भट्टराई, गोकर्ण विष्टहरूले यो आवाज उठाउँदा ओलीले त्यसको सुनुवाइ गर्न उचित ठानेनन् । त्यसैले सचिवालयबाट उनले प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालत जाने निर्णय नै सुनाएका छन् ।

'हामीले हाँ हुँ सरकारको पछि लाग्ने कुरा उचित होइन', एमाले बैठकमा ओलीले भनेका थिए, 'परिस्थितिको मूल्याङ्कन गर्नुपर्छ ।'

ओलीले यसो भनिरहँदा कतिपय सदस्यहरूले संसद् पुनर्स्थापना नभनौं भनेर धेरैजसो पदाधिकारीले ओलीलाई सम्झाउन खोजेका थिए । एक सचिवालय सदस्य भन्छन्, 'तर अध्यक्षले हाम्रो कुरा रुचाउनुभएन र आफ्नै निर्णय सुनाउनतिर लाग्नुभयो ।'

एमाले नेताहरूका अनुसार प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा उपाध्यक्ष गुरु बराल, महासचिव शंकर पोखरेल र उपमहासचिव विष्णु रिमालमात्र खुलेका थिए ।

'फेरिएको परिस्थितिमा चुनाव हुने वातावरण निर्माण गर्दा मुलुकले पनि निकास पाउँछ । फ्रेस म्यान्डेटबाट निर्वाचित जनप्रतिनिधि आएर मुलुकलाई निकासको बाटोमा लैजानुपर्छ', अधिकांश एमाले पदाधिकारीको धारणा थियो ।

यस्तो मत राख्नेमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलदेखि उपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, विष्णु पौडेल, सुरेन्द्र पाण्डे, प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, गोकर्ण विष्ट, योगेश भट्टराईसम्म थिए ।

# जाँचबुझ आयोगमा एक दर्जन उजुरी

झापा(प्रस) । २३ र २४ भदौका घटना जाँचबुझका लागि गठित आयोगमा आइतबारसम्म एक दर्जन उजुरी दर्ता भएका छन् । आयोगका अनुसार निजी क्षेत्रका दुई कम्पनीले क्षतिको विवरणसहित उजुरी दर्ता गराएका छन् । अरू व्यक्तिगत रूपमा दर्ता भएका उजुरी छन् ।

जेन-जी आन्दोलनका क्रममा ७४ जनाको मृत्यु भएको थियो । उक्त घटनाका अधिकांश उजुरी प्रहरीका तर्फबाट दर्ता भएका छन् । दुई उजुरी घाइते भएकाको परिवारले दिएका छन् । पीडित परिवारले २३ भदौमा राज्यको दमनका कारण धेरैले ज्यान गुमाएको उजुरीमा उल्लेख गरेका छन् । त्यतिबेला राज्यशक्तिमा रहेकाहरूलाई फौजदारी अपराध सहिताअनुसार कारबाही हुनुपर्ने उनीहरूको माग छ ।

त्यस दिन कार्यक्षेत्रमा खटिएका प्रहरीका तर्फबाट पनि उजुरी दर्ता भएका छन् । प्रहरी कार्यालयहरू जलाउने र हतियार लुटपाट भएको विषयमा आफूहरूलाई जानकारी भएको उनीहरूले उल्लेख गरेका छन् । उनीहरूले खासगरी २४ भदौमा कसरी लुटपाट तथा घुसपैठ भयो भन्ने विस्तृत विवरण बुझाएका छन् । उजुरीमा उनीहरूको नाम गोप्य राखिएको छ । पाँच पृष्ठको उजुरीमा जथाभावी अत्याधुनिक हतियारबाट गोली प्रहार गर्नेहरूको समेत पहिचान गरी अपराधमा संलग्न सबैलाई तत्काल निलम्बन गरेर कारबाही गर्न माग गरिएको छ ।

यस्तै, रास्वपाका कार्यवाहक सभापति डीपी अर्याल, रवि लामिछानेकी पत्नी निकिता पौडेल लामिछाने, रास्वपाका उपसभापति स्वर्णिम वाग्ले, प्रहरीका एआईजी दानबहादुर कार्की, काठमाडौंका तत्कालीन सीडीओ छविलाल रिजाल, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी र मुख्यसचिव एकनारायण अर्यालबीच कुराकानी भएको दाबीसहित 'कल डिटेल्स' रेकर्ड गर्न उजुरीमा माग गरिएको छ । उजुरीमा लामिछानेलाई बाहिर ल्याउन नख्खु कारागार तोडफोड भएको दाबी गरिएको छ ।

दुवै दिनका घटनाबारे सामाजिक सञ्जालमा भएका भिडियो फुटेजहरू हेर्न उजुरीमा माग गरिएको छ । काठमाडौं उपत्यकामा माथिल्लो तहको आदेश तल्लो तहसम्म सम्प्रेषण गर्ने प्रहरी कन्ट्रोल रुममा खटिएका प्रहरी सञ्चारका कमान्डरलगायत प्रहरी कर्मचारीलाई समेत बयान लिन माग गरिएको छ । यस्तै, भाटभटेनीले करिब ११ अर्बभन्दा धेरै क्षति पुगेको दाबीसहितको उजुरी दर्ता गराएको छ । भाटभटेनीले पूर्ण रूपमा नष्ट भएका १२ सहित २० स्टोरमा उक्त क्षति भएको जनाएको छ । करिब ५० करोडभन्दा धेरैको सामग्री चोरी हुनुका साथै प्रयोगमा ल्याउन नसकिने गरी तोडफोड भएको दाबी गरिएको छ । काठमाडौंको ग्लोबल कलेजले पनि आयोगमा उजुरी दर्ता गराएको छ । नेताका छोराछोरी अध्ययन गर्ने कलेज भन्दै प्रदर्शनकारीले आगजनी गरेका थिए । कलेज प्रशासनका अनुसार करिब ७० करोड लागतमा निर्माण गरिएका भवन जलेर नष्ट भएको छ ।



५ असोजमा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा गठित आयोगमा प्रहरीका पूर्वएआईजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य छन् । तीन महिना कार्यकाल भएको आयोग गठनको २० दिनसम्म प्रारम्भिक कार्यमा अल्झेको थियो । सुरुमा मौसम विभागको भवनमा रहेको आयोग कार्यालयले त्यहाँ अप्ठ्यारो भएपछि सिंहदरबारमा सरेर काम थालेको छ ।

आयोगले २३ भदौमा माइतीघर मण्डलदेखि नयाँ बानेश्वर र तीनकुनेसम्मको फिल्डमा खटिएका प्रहरी जवानसँग बयान लिने तयारी गरेको छ । प्रवक्ता विज्ञानराज शर्माका अनुसार प्रहरी जवानबाट सुरु गरेर चेन अफ कमान्डअनुसार माथिल्ला अधिकारीसँग बयान लिइनेछ । अनुसन्धानको शैलीमा सबैको बयान हुने, त्यसपछि मात्र घटनाको अवस्था र शैलीबारे जानकारी हुने उनले बताए । 'सुरुमा फिल्डमा खटिएका जवान अनि फिल्डको कमान्डरलाई बयानमा बोलाउँछौं । त्यसपछि जिम्मेवारी तोकिएका केही अधिकृतलाई बोलाउँछौं,' शर्माले भने ।

सुरक्षा अधिकारीपछि राजनीतिक व्यक्तिहरूलाई पनि बयानमा बोलाउने आयोगको कार्यसूची छ । आयोगले चारवटै सुरक्षा निकायका प्रमुख, सुरक्षा परिषद्का सदस्य हुँदै तत्कालीन गृहसचिव गोकर्णमणि दवाडीसम्मको बयान लिने भएको छ । गृहसचिवपछि तत्कालीन गृहमन्त्री रमेश लेखकलाई बयानमा बोलाउने आयोगको कार्यसूची छ । त्यसपछि तत्कालीन प्रधानमन्त्री रहेका केपी शर्मा ओलीको पालो आउने आयोगले जनाएको छ ।

आयोगले कैदीहरू भागेको विषयमा पनि नख्खु कारागारसहित देशभरका कारागारबाट विवरण मगाएको छ । रास्वपा सभापति रवि लामिछाने बाहिरिएको बारे विस्तृत विवरण पठाउन नाम नै तोकेर आयोगले नख्खु कारागारलाई पत्र लेखेको हो । उक्त दिन लामिछाने कसरी रिहा भए ? उनीसँगै कति कैदी निस्के ? त्यसको विवरण उपलब्ध गराउन आयोगले भनेको छ ।

आयोगले आइतबार सर्वोच्च अदालत, पार्टीका कार्यालय र व्यक्तिगत क्षति विवरण उपलब्ध गराउन पनि आग्रह गरेको छ । उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघलगायत संस्थासँग निजी क्षेत्रको क्षतिको विवरण माग गरेको छ ।

आयोगले तोडफोड र सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउनेलाई कारबाही सिफारिस गर्न आवश्यक प्रमाण पनि संकलन थालेको छ । यसका लागि आफूसँग भएका फोटो र भिडियो तथा सिसीक्यामेरामा रेकर्ड भएका विवरण उपलब्ध गराउन आयोगले आग्रह गरेको छ । त्यस्तो प्रमाण इमेल, ह्वाट्सएप वा सिंहदरबार कार्यालयमा बुझाउन सकिने प्रवक्ता शर्माले बताए । यस्तै प्रहरीमा दर्ता भएका जाहेरीका साथै फोटो र भिडियोहरू पनि आयोगले मगाएर अध्ययन गर्ने भएको छ ।

# फरार कैदीबन्दीले त्रसित बन्दै समाज, दिनहुँ गराउँछन् अपराध

झापा(प्रस) । गत भदौ २३ र २४ गते भएको जेन–जी आन्दोलनका क्रममा देशभरका कारागारबाट १४ हजारभन्दा बढी कैदीबन्दी फरार भए।

यीमध्ये ५७ सय कैदीबन्दी अझै फरार छन्। आन्दोलनका क्रममा प्रहरीबाट लुटिएको ९ सय थान बढी हतियार पनि भेटिएको छैन। लुटिएका हतियार फिर्ता गर्ने र फरार कैदीबन्दी पक्राउ गर्नका लागि प्रहरीले अग्रसरता देखाए पनि सम्भव भएको छैन। प्रहरी प्रधान कार्यालयले दिएको तथ्यांकअनुसार आन्दोलनका क्रममा देशभरबाट १ हजार २ सय ८१ हतियार लुटिएका थिए। यसमध्ये काठमाडौंबाट मात्रै १ हजार १७ थान हतियार लुटिएको हो।

हराएका हतियारमा सटगन १ सय १७ थान, पेस्तोल ३ सय ४६ थान, रिभल्बर ७५ थान छन्। करिब १ सय हतियार जलेको र काम नलाग्ने अवस्थामा भेटिएको प्रहरी रेकर्ड छ। हतियारसँगै १ हजार ६ सय ८७ थान गोलीसमेत लुटिएको छ।

जेन–जी प्रदर्शनपछि भएको तोडफोडपछि कारागारबाट भागेका आकाश मगरले ठमेलमा गएर आफ्नै साथीको हत्या गरेका थिए। गत असोज १३ गते मकवानपुर घर भएका २५ वर्षीय सुरज तामाङलाई ठमेलमा खुकुरी प्रहार भएको थियो। ठमेलको ह्याप्पी होटल अगाडि सुरजलाई खुकुरी प्रहार गर्नेमा आकाश मगर रहेका थिए।

प्रहरीका अनुसार खुकुरी प्रहार गर्ने आकाश मगर नक्खु कारागारबाट भागेका थिए। लुटपाट र डकैती मुद्दामा कारागार गएका उनी सुरजलाई खुकुरी प्रहार गरी भागेका थिए। उनी भारतमा पुगेको प्रहरीको आशंका छ।

बलात्कार मुद्दामा नक्खु कारागारमा रहेका सन्तबहादुर तामाङ भदौ २४ गते कारागारबाट भागेर काभ्रेका पनौतीमा रहेको घरमा पुगेका थिए। घर पुगेर श्रीमतीसँग विवाद गरेका उनले ३० वर्षीया मनीषा तामाङको हत्या गरेका थिए। श्रीमतीको हत्या गरी करेसाबारीमा गाडेका उनी पुनः नक्खु कारागार पुगेर आत्मसमर्पण गरेका थिए।

नेपाल प्रहरीका विभिन्न कार्यालयबाट लुटिएको हतियारसहित प्रहरीले शनिबार झापाबाट आठ जनालाई पक्राउ गऱ्यो। प्रहरीले दमक नगरपालिका-३ स्थित भुटानी शरणार्थी शिविर सेक्टर एको छाप्रोबाट पक्राउ परेका आदित्य लिम्बूको साथबाट हतियार बरामद गरेको हो। उक्त हतियार इलाका प्रहरी कार्यालय दमकबाट लुटिएको थियो।

काठमाडौंबाट लुटेको प्रहरीको पेस्तोलसहित असोज २१ गते कैलालीबाट एकजना लागुऔषधसहित पक्राउ परेका छन्। घोडाघोडी नगरपालिका-१ का २३ वर्षीय आकाश शाहीलाई प्रहरीको टाइप- ५४ लेखिएको चाइनिज पेस्तोलसहित पक्राउ गरेको थियो। उनी लागुऔषध प्रयोग गरेर नशामा लट्ठिएको अवस्थामा फेला परेका थिए।

यी त केही उदाहरणमात्र हुन्। प्रहरीबाट लुटिएका हतियार विभिन्न आपराधिक समूहको हातमा पुगेको देखिन्छ। आन्दोलनका क्रममा घुसपैठ भएको भन्ने हल्ला चलिरहँदा प्रहरीले विभिन्न व्यक्तिहरूलाई पक्राउ पनि गरिरहेको छ। अहिले देशभर अपराधका घटना निकै बढेको छ।

विभिन्न अपराधमा मुछिएका कैदीबन्दी फरार हुन्, प्रहरीका लुटिएका हतियार फिर्ता नहुनु र विभिन्न स्थानमा तोडफोड भएका प्रहरी कार्यालय सञ्चालनमा नआउनु। समाजमा व्यापक असुरक्षा फैलिएको छ। कतिबेला के हुने हो ? कोही अपरिचित व्यक्ति गाउँमा देखिनासाथ शंका गर्नुपर्ने अवस्था छ। समाजमा असुरक्षा बढ्नु र अपराधका घटनामा वृद्धि हुने क्रम यथावत् छ। नागरिकहरू त्रसित छन्।

नेपाल प्रहरीका प्रवक्ता विनोद घिमिरेका अनुसार फरार कैदीबन्दी पक्राउ गर्नु र लुटिएका हतियार फिर्ता गर्नु प्रहरीको पहिलो प्राथमिकता छ। विभिन्न जिल्लामा समिति नै गठन गरेर काम भइरहेको उनले जानकारी गराए। फरार कैदीबन्दी लुकाउने, आश्रय दिने व्यक्तिलाई समेत कानुनी कारबाही गरिनेछ। समाजमा कोही कसैले हतियार लुकाएको थाहा पाएमा वा फरार अभियुक्त देखेमा नजिकको प्रहरीलाई खबर गरिदिनुहुन उनको आग्रह छ।

कारागार व्यवस्थापन विभागले गत भदौ २६ गते एक सूचना जारी गरेको थियो। सूचनामा जेन–जी आन्दोलनका क्रममा कारागारबाट भागेका बन्दीहरू र बाल सुधारगृहबाट भागेका बालबन्दीलाई आफू बसेको कारागारमा फर्केर आउनका लागि आग्रह गरिएको थियो। फर्केर नआउने विरुद्ध कारागार ऐन, २०७९ र प्रचलित कानुनबमोजिम कारबाही हुने जानकारी गराइएको थियो। यसलगत्तै प्रहरी प्रधान कार्यालयले पनि फरार कैदीबन्दीलाई कारागारमा सम्पर्क गर्न पटकपटक आग्रह गरेको छ।

## पेशा...

विस्थापित हुनुपर्ने अवस्था आएको बताउँदैं पोखेलले भने, 'अग्रज व्यवसायीको संरक्षण गर्दै नयाँ पुस्तालाई यो पेशाप्रति आकर्षित गर्नु आजको आवश्यकता छ । ' यदि प्रविधिलाई सँगै लिएर नजाने हो भने लेखापढी व्यवसायीले पेशाबाट हात झिक्नुपर्ने अवस्था आउन सक्ने बताइएको छ ।

'यो व्यवसाय कोरोनापछि मुलुकमा आर्थिक मन्दिका कारण खस्केको अवस्था थियो' नेपाल लेखापढी कानून व्यवसायी एशोसिएसन भद्रपुर झापाका पूर्व अध्यक्ष समेत रहेका पोखेलले भने,' सरकारले जग्गा वर्गीकरणका नाममा सो अघि कित्ताकाट रोक, वर्गीकरणका नाममा धेरै समय स्थानीय तहले वर्गीकरण नगर्दा जग्गा पास रोक्का हुनुको कारणले पनि जग्गा किनबेच नहुँदा पेशा खस्किएको, हाम्रा छोराछोरी पुस्ता स्वदेशमा नबस्ने अध्ययनका नाममा विदेश गएर बसेका कारण स्वदेश नफर्कदा जग्गा किनबेच नहुनुले पनि पछिल्लो समय लेखापढी कानून व्यवसायीहरुको यो पेशा संकटमा परेको हो । ' समग्र राजनीति धमिलो भएका कारण पेशा र व्यवसायीहरुलाई प्रत्यक्ष मार परिरहेको उनको भनाई छ । 'मुलुकमा स्थायी सरकार र भरपर्दो विश्वासिलो सरकार नहुँदा लगानीप्रति नैराश्यता छाएको छ । बैंकहरु लगानी गर्न तयार छैनन् ।' उनले भने ।

सरकारले कृषिका लागि ठोस नीति नल्याएका कारण कारण बेला बखत समस्या हुने भन्दैं पोखेलले समयमा मल बीउ उपलब्ध नगराउने उत्पादन भएका वस्तु बिक्री वितरणका लागि सरकारले कुनै कार्य नगर्दा कृषकहरुले खेतीपाती नै गर्न छाडेको बताए । कृषकले खेतीपाती नै गर्न छाडेपछि जग्गा जमिन खरिद विक्री नै हुन छाडेको छ । खेती किसानी नगर्दा जग्गा जमिन खरिद नगर्नु पनि पेशा संकटमा पर्नुको प्रमुख कारण हो ।

भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापाका मालपोत अधिकृत मोहन दर्जी पछिल्लो समय कार्यालयमा सेवाग्राहीको चहलपहल न्यून रहेको बताउँछन् । 'चाडपर्वका बखत निक्कै टाढा टाढा रहेका मानिस पनि आफ्नो पुर्ख्यौली घर फर्किने, त्यही बेला आफ्नो जे जति जग्गा छ, त्यसको अंशवण्डा, बेचबिखनलगायतका काम गर्ने गर्दथे'उनले भने, यो साल यस्तो देखिएन । दशैपछि असोज २२ गते १७ वटा, २३ गते ४० वटा जग्गा पास भएका छन् । मालपोत अधिकृत दर्जीका अनुसार भदौ २३ गते ४० वटा ,२२ गते २९ र २५ गते एउटामात्र पास भएको छ ।

## अबैध...

छ तर, नेपालमा गाउँगाउँमा दलाल खटाएर मेनपावर कम्पनीहरूले महिलाका हकमा ४० हजारदेखि एक लाख रूपैयासम्म तथा पुरूष कामदारको हकमा ८० हजारदेखि एक लाख ५० हजारसम्म रकम अबैध तरिकाले असुली रहेको अवस्था छ । बिना प्रमाण असुलेको रकम मध्ये आधा रकम एजेन्टले पाउने र आधा रकम मेनपावर कम्पनी सञ्चालकले लिने गरेको अवस्था छ । पहिलो पटक वैदेशिक रोजगारमा जाने श्रमिक नेपालमै बिक्री भएको पहिलो प्रमाण अबैध असुलीले पुष्टि गर्छ । बर्तमान कानून अनुसार वैदेशिक रोजगारमा जाने श्रमिकबाट सेवा शुल्क वापत मेनपावर कम्पनीले १० हजार रूपैयाँ मात्र लिन पाउने व्यवस्था छ । तर, यो व्यवस्था नेपालका कुनै पनि मेनपावर कम्पनीले पालना गरेका छैनन् । उनीहरूले असुल्ने अबैध रकम बिल, भौचरविनै अवैध बाटोबाट दलालमार्फत लिने गरेको अवस्था छ । ठगिएपछि सरकारी निकायमा उजुरीका लागि आइ पुग्ने व्यक्तिले प्रमाण पुर्‍याउन नसक्दा ठग्नेहरू कानुनी दायरामा आइपुग्दैनन् ।

जिल्लामा रहने एजेन्ट मार्फत मेनपावर कम्पनीले नियम बिपरित काम गरिरहेका भए पनि कारवाही गर्ने अधिकार केन्द्रिकृत रहँदा स्थानीय सरकारदेखि संघीय सरकारका जिल्ला स्थित निकायले समेत कारवाही गर्ने अधिकार नपाउँदा पीडितले न्याय पाउन निकै मुस्किल अवस्था छ । वैदेशिक रोजगारीको नाममा हुने ठगीमाथिको कारवाही गर्ने अधिकार वैदेशिक रोजगार विभागलाई मात्र रहँदा गाउँगाउँमा ठगिएका मानिस विभागमा पुग्ने पहुँचै नरहँदा न्यायका लागि स्थानीय सरकारसित ठोकिन आइपुग्छन् । स्थानीय सरकारले पीडितको गुनासो सुन्नेभन्दा अरू काम नै गर्न सक्दैन ।

रोजगार केन्द्र भद्रपुरका प्रमुख टिकाराम पाण्डे वैदेशिक रोजगारीमा पठाउनेहरूबाट भइरहेका ठगी रोक्न कारवाही गर्ने अधिकार विकेन्द्रीकरण हुनु पर्ने बताउँछन् । पाण्डेका अनुसार पालिका स्तरमा कारवही गर्ने अधिकार प्रत्यायोजन गर्न नसकिने भए जिल्लास्थित संघीय सरकारको प्रतिनिधि प्रमुख जिल्ला अधिकारीमार्फत कारवाही गर्न सक्ने व्यवस्था भए पीडितले सहज रूपमा न्याय पाउने तथा ठगी कम हुने वातावरण बन्ने थियो ।

झापा जिल्लाको विवरण हेर्दा वैदेशिक रोजगारीको खोजीमा जाने महिला कामदारको संख्या देशकै पहिलो नम्बरमा रहेको देखिन्छ । श्रम तथा रोजगार केन्द्र भद्रपुरको तथ्याङ्कले झापाली महिलाहरू कामको खोजीमा विदेश जाने देशकै उच्च दर देखाएको हो । पछिल्लो विवरण अनुसार झापाबाट रोजगारीका लागि विदेश यात्रा गर्नेको संख्या हेर्दा समग्र कामदार मध्ये २० प्रतिशत महिला कामको खोजीमा विदेश गएको अवस्था छ । जुन देशकै सवैभन्दा बढी वैदेशिक रोजगारमा जाने महिलाको संख्या पनि हो ।

झापाबाट रोजगारीका लागि प्रमुख गन्तव्य खाडी मुलुक देखिएको छ भने युरोप अमेरिका तथा अष्ट्रेलिया जाने कामदारको संख्या पनि बढ्दै गइरहेको पाइए पनि ठगिने क्रम सोही रफ्तारमा रहेको देखिन्छ । सामान्य साक्षर कमदारदेखि उच्च स्तरका कामदारसम्म दलालको फन्दामा परेर ठगिने क्रम भने निरन्तर बढिरहेको देखिन्छ ।

सुरक्षित वैदेशिक रोजगारमा जानेहरूले नेपालकै एयरपोर्ट हुँदै कामको प्रकृति, विमाको व्यवस्था, रोजगारदाताको तथ्य बुझेर रकमको कारोवार गर्दा मेनपावरको आधिकारिक बिल भौचरसहित गरे ठगीबाट बच्न सकिने रोजगार अधिकृत पाण्डे बताउँछन् । उनका अनुसार वैधानिक बाटोबाट वैदेशिक रोजगारीमा जाँदा १८–३८ वर्ष उमेर समूहका व्यक्तिले विमा वापत ३७०८, कल्याणकारी कोषमा १५०० र सामाजिक सुरक्षा कोषमा २५९६ रूपैयाँ तिनु पर्छ ।

यस्तै ३५–५० वर्ष उमेर समूहका व्यक्तिले विमा वापत ४९३१ , कल्याणकारी कोषमा १५०० र सामाजिक सुरक्षा कोषमा २५९६ रूपैयाँ तिनु पर्छ ।

त्यस्तै ५०–६४ वर्ष उमेर समूहका व्यक्तिले विमा वापत ९४६३, कल्याणकारी कोषमा १५०० र सामाजिक सुरक्षा कोषमा २५९६ रूपैयाँ तिनु पर्छ । योभन्दा अन्यत्र शुल्क कामदारले तिर्नु पर्ने प्रावधान नै छैन । त्यसवापत वैदेशिक रोजगारीमा जाने व्यक्तिले उपचार खर्च एक लाखदेखि सात लाखसम्म रोग हेरेर पाउने छ । बुबाआमा, छोराछोरीको उपचार गर्नु परेमा पचास हजारसम्म उपचार खर्च पाइने छ भने वैदेशिक रोजगारीका क्रममा मृत्यु भएमा छोराछोरीलाई वार्षिक १२ हजारदेखि १६ हजारसम्म छात्रवृत्ति १६ वर्षसम्म निरन्तर प्राप्त गर्ने छन् ।



कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्कः ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सुरक्षा चुनौती

भदौ २३ र २४ मा जेनजीको प्रदर्शनका क्रममा करिब ११ सयको हाराहारीमा हतियार लुटपाट भएको थियो। यस्ता हतियारमा सटगन, पेस्तोल, रिभलवर, राइफल, ग्यास गनलगायत छन्। यसैगरी हजारौंको संख्यामा गोलीग√ा र अन्य सुरक्षा सामग्री लुटिएको छ। यस क्रममा सबैभन्दा बढी काठमाडौंबाट मात्रै एक हजार १७ थान हतियार लुटिएको अभिलेख प्रहरीसँग छ। लुटिएका हतियार संख्या अझ धेरै हुन सक्ने आशंका छ। प्रदर्शनीका क्रममा प्रहरी कार्यालय तोडफोड र आगजनी गर्दै हतियार लुटेर लगेका तस्बिर र भिडिओ भाइरल बनेका थिए। आन्दोलनका क्रममा प्रहरीलाई आत्मसमर्पण गर्न लगाउनेदेखि बर्दी र हतियार फुकाल्न लगाउने दुष्कार्यसमेत भएका थिए।

नेपाली सेनाले जेनजी आन्दोलनका क्रममा सुरक्षाकर्मीबाट लुटिएका हतियार तथा गोलीग√ा सुरक्षा निकायलाई अविलम्ब फिर्ता गर्न अनुरोध गरिसकेको छ। आन्दोलनलगत्तै सैनिक तथा जनसम्पर्क निर्देशनालयले एक विज्ञप्ति जारी गर्दै प्रदर्शनका क्रममा लुटिएका हतियार, गोलीग√ा तथा सुरक्षा–सामग्री सुरक्षा–निकायलाई बुझाउन अनुरोध गरेको थियो। हतियारको दुरुपयोग भएमा जनधनको क्षतिसमेत हुन सक्ने जनाउँदै सेनाले कसैसँग फेला पारेमा कानुनअनुसार कारबाही हुने चेतावनी दिएको छ। यसैगरी गृह मन्त्रालयले जेनजी आन्दोलनका क्रममा सुरक्षाकर्मीको साथबाट हराएका हतियार कोही व्यक्तिसँग भएमा फिर्ता गर्न असोज मसान्तसम्मको समय दिएको छ। गृहको सूचनामा यो मितिभित्र हातहतियार र खरखजाना बुझाउन ल्याएमा वा त्यसको जानकारी दिएमा त्यस्ता व्यक्तिलाई उचित सम्मान गरिने र तोकिएको मितिपश्चात् कोही कसैसँग ती हराएका हतियार र खरखजाना फेला परेमा कानुनबमोजिम कारबाही हुने चेतावनी दिइएको छ।

यी दुवै निकायले अनुरोध गरेयता लुटिएका हतियारमध्ये तीन सय हाराहारीमा फिर्ता अथवा बरामद भएका छन्। लुटिएकामध्ये केही हतियार सेनाले बरामद गरेको छ । हतियार तथा पेस्तोलसहित केही व्यक्तिलाई प्रहरीले पक्राउ पनि गरेको छ । बाँकी आठ सयभन्दा बढी हतियार अझै गायब छन्।

लुटिएको हतियार आपराधिक समूह र लागुऔषध कारोबारीको हातमा पुगेको आशंका प्रहरीको छ। प्रहरीले शनिबार झापाबाट केही व्यक्तिलाई हतियारसहित पक्राउ गरेको छ भने असोज २१ गते कैलालीबाट एकजनालाई लागुऔषधसहित पक्राउ गरेको छ। यसले के देखाउँछ भने लुटिएका हतियार देशभर पुगेका छन्।

हराएका यी हतियार खोज्न समिति बनाएर अहिले काम भइरहेको नेपाल प्रहरीको दाबी छ। तैपनि ठुलो संख्यामा लुटिएका यी हतियारको दुरुपयोग हुँदा एकातिर सुरक्षा चुनौती बढेको छ भने अर्कोतिर सुरक्षाकर्मी हतियारविहीन हुनुपर्ने अवस्था आएको छ। कैलाली र झापामा लागुऔषध कारोबारीसँग हतियार फेला परेका घटनाले हतियार लागुऔषध कारोबारीको हातमा पुगेको आंशका प्रहरीको छ। यी समूहको हातमा पुगेका कारण हतियार फिर्ता हुन नसकेको र ढिलाइ भएको दाबी प्रहरीको छ। यसैगरी जेनजीको प्रदर्शनका क्रममा भागेका कैदीबन्दीमध्ये पाँच हजार पाँच सय बढी बन्दी अझै फर्केका छैनन्। देशभरका २८ वटा कारागारबाट साढे १४ हजार कैदीबन्दी भागेका थिए।




# जेनजी आन्दोलनले त्रिविको बेथितिमा गरेको खबरदारी



• डा. पेशल खनाल

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन क्रममा ठूलो मानवीय क्षति भयो। माओवादी सशस्त्र युद्धबाहेक आजसम्मका कुनै आन्दोलन वा क्रान्तिमा यति धेरै नागरिकको सहादत भएको थिएन, यति धेरै घाइते भएका थिएनन्।

आन्दोलनको आवरणमा भएको विध्वंश, तोडफोड तथा आगजनीले भौतिक, पुरातात्त्विक र आर्थिक क्षेत्रमा अथाह र अपूरणीय क्षति भयो।

परिणाम स्वरूप, सामाजिक र मनोवैज्ञानिक जीवनमा भएको आघातले हरेक नेपालीका मनमा कहिल्यै नपुरिने घाउ लागेको छ। एक्काइसौं शताब्दीको सभ्य समाजमा यो घटना कहिल्यै नमेटिने दाग भएको छ।

इतिहासले यो आन्दोलनलाई अप्सोच, त्रास र ध्वंशको घटनाका रूपमा मात्र हेर्ने छैन। कवि गोपालप्रसाद रिमालले 'एक जुगमा एक दिन एक पटक आउँछ, उलटपुलट उथलपुथल हेरफेर ल्याउँछ' भनेका थिए।

यो आन्दोलन पनि विरलै हुने ऐतिहासिक क्रान्ति हो।

यो क्रान्तिले सर्वसाधारण नेपालीको मनमा दशकौंदेखि गुम्सिएको आक्रोश व्यक्त गरेको छ। ठूलो चेम्बरमा थपिँदै र गुम्सिँदै गरेको धुवाँको मुस्लो चेम्बर फुटाएर निस्किएझैं भएको छ।

यो आन्दोलन दलीय भागबन्डा, कुशासन र भ्रष्टाचारले सीमा नाघेपछि सहनशक्तिको बाँध फुटेर निस्किएको एकमुष्ट आक्रोश हो।

जेनजी आन्दोलनले राजनीतिक दललाई आफ्नो संस्कार र क्रियाकलापको निर्मम समीक्षा गर्ने र सुधार्ने मौका दिएको छ। प्रशासन र सार्वजनिक सेवाप्रणाली पारदर्शी र चुस्त बनाउन बलियो पाठ सिकाएको छ।

आशा गरौं, यो क्रान्ति राजनीति र सार्वजनिक प्रशासन सुधारको बलियो अस्त्र बन्नेछ; यसले नेपाललाई उन्नत बाटोमा हिँडाउन अहिलेसम्मका बेथिति त्यागेर मार्ग परिवर्तन गराउने छ।

यस क्रान्तिले हरेक व्यक्ति र संस्थालाई आफ्ना उद्देश्य, कार्यकलाप र संस्कारको गम्भीर समीक्षा गर्न बाध्य पारेको छ।

अब पनि हामीले आफ्नो संस्कार र व्यवहार सुधारेनौं भने देशका लागि बलिदान गर्ने ती युवाको आत्माले धिक्कार्ने छ।

यस लेखमा मैले आफू कार्यरत संस्था त्रिभुवन विश्वविद्यालय (त्रिवि) को सुधारमा जेनजी आन्दोलनले गरेको खबरदारी र सन्देशको चर्चा गरेको छु। खबरदारी अहिलेसम्मका बेथितिप्रति हो, बेथितिका सर्जकप्रति हो।

पहिले अहिलेसम्मका बेथितिको कुरा गरौं।

त्रिवि मुख्यतः २०४६ सालको राजनीतिक परिवर्तनपछि दलीयकरण र भागबन्डाको सिकार बन्यो। उच्चशिक्षाको गर्विलो इतिहास बोकेको यो संस्थामा सरकार परिवर्तनसँगै दलनिकटको नेतृत्व स्थापित गर्ने र सोही बमोजिम सबै निकायको नेतृत्व हत्याउने अभ्यास सुरू भयो।

राजनीतिक दलले प्राध्यापक, विद्यार्थी र कर्मचारीका आआफ्ना भ्रातृ संगठन बनाए।

ती संगठनलाई पद बार्गेनिङ गर्ने समूहका रूपमा मलजल गरे। हरेक निकायमा र क्याम्पसमा पद हत्याउन र अर्को पक्षलाई निषेध गर्न आ-आफ्ना विद्यार्थी संगठनलाई बाहुबली समूहका रूपमा प्रयोग गरे।

विद्यार्थी नेताहरू नियमित अध्ययन सकेर पेसागत जीवनमा प्रवेश गर्नुको सट्टा क्याम्पसमा बसेर पेसेवर नेता हुन थाले। हुँदाहुँदा पछिल्लो चरणमा ती संगठनका कतिपय विद्यार्थी नेताले ठेक्का र कमिसनमा समेत आँखा गाडे, संगठनलाई कमाइखाने भाँडा बनाए।

राजनीतिक सामीप्य र पदले शक्ति आर्जन हुने भएपछि एउटै संगठनभित्र पनि गुट अनुसार अलगअलग नेतृत्व बनाए, एकअर्कामा द्वन्द्व र हानाथाप गरे। त्रिविका हरेक निकायले र क्याम्पसले धेरै गुटका अलगअलग नेतासँग 'डिल' गर्नुपर्ने भयो।

प्राध्यापकहरू पनि राजनीतिक दल र गुट अनुसार आ-आफ्ना संगठनमा विभाजित भए, सहअस्तित्व र सहकार्यको संस्कृति विकृत भयो। प्राज्ञिक कार्यमा पर्याप्त समय नदिने, संगठनको भेला र काममा बलियो ढंगले सहभागी हुने प्रवृत्ति विकास भयो। प्राध्यापकहरू स्वतन्त्र भएर प्राज्ञिक भूमिका निर्वाह गर्न मुस्किल भयो।

फलस्वरूप हामी प्राध्यापकहरू आ-आफूमा विभाजित भयौं। आ-आफूमा विरोधी भयौं। एकले अर्कालाई निषेध गर्न थाल्यौं। आफूलाई सक्षम बनाउनमा भन्दा पनि अरूको विरोध गर्नमा तल्लीन भयौं। फलस्वरूप हामी आफै त्रिविभित्र द्वन्द्व सिर्जना गर्ने कारण बन्यौं।

खासगरी २०६२/६३ को जनआन्दोलनपछि 'सहकार्य र सहमति' को आवरणमा विश्वविद्यालयका उपकुलपतिदेखि विभागीय प्रमुखसम्मका पद तीनवटा राजनीतिक दलले भागबन्डा गर्ने प्रवृत्ति विकास भयो। योग्यता र क्षमताका आधारमा ज्यालादारी शिक्षक र कर्मचारी नियुक्त गर्न नसकिने भयो। तीन दलको भागबन्डा नमिलेसम्म सानोभन्दा सानो नियुक्ति पनि नहुने भयो।

अर्कोतिर, भागबन्डा गरेर हरेक निकायमा र क्याम्पसमा निजी स्रोत, अस्थायी र करारमा आफूपक्षीय शिक्षक र कर्मचारी नियुक्ति गर्ने होड चल्यो।

यसरी नियुक्ति लिएपछि प्रक्रिया पुऱ्याएर स्थायी बनाउन आन्दोलन गर्ने परिपाटी बस्यो। विद्यार्थी, प्राध्यापक र कर्मचारीका अलगअलग संगठनका कारण त्रिविमा योग्य व्यक्तिले अवसर पाउनै छाडे।

आफूले भने अनुसार नभए प्राध्यापक, शिक्षक र कर्मचारीका गुटले मूल ढोकामा तालाबन्दी गर्ने परिपाटी विकास भयो। तालाबन्दीले नपुगेर तोडफोड र आगजनी हुन थाल्यो। क्याम्पस प्रमुख वा विभागीय प्रमुखले त्रास र अपमानको भारी बोकेर काम गर्नुपर्ने भयो। आन्दोलन र तालाबन्दीको अर्को नाम नै त्रिवि हुन पुग्यो।

२०७७/७८ ताका केन्द्रीय कार्यालयमा २८ महिनामा १८२ दिन तालाबन्दी भएर त्रिविमा एउटा दुःखद इतिहास बन्यो।

स्थायी नियुक्तिका लागि सेवा आयोग पनि स्वतन्त्र हुन सकेन। विज्ञहरू पनि भागबन्डामै बोलाउने परिपाटी बस्यो। परीक्षाको प्रक्रिया र विधिमा अनियमितता हुन थाल्यो। उत्तरपुस्तिकामा नम्बर घटाउने र थप्ने घटना भए। अन्ततः अख्तियार दुरूपयोग अनुसन्धान आयोग र अदालतले सेवा आयोगका पदाधिकारी र प्राध्यापकलाई नै सजाय गर्नुपर्ने स्थिति आयो।

यस्तो बेथितिसँगै ज्ञानको मन्दिरमा मर्यादित संस्कार हराउँदै गयो। स्वार्थसिद्ध गर्न प्राध्यापकले बाहुबली विद्यार्थीको शरण लिने, विद्यार्थी संगठनलाई प्रयोग गरी निर्णयकर्तालाई धम्की दिने र अपमान गर्ने प्रवृत्ति विकास भयो।

हुँदाहुँदा विद्यार्थीले प्राध्यापकमाथि मरणासन्न हुने गरी कुटपिट गर्न थाले। पर्दापछाडि प्राध्यापक र राजनीतिक संगठनद्वारा हिंसाका लागि उक्साउने र मलजल गर्ने काम भयो।

**यो भयो बेथिति र विसंगतिको कुरा।**

यो मात्रै त्रिविको परिचय होइन। यहाँ धेरै राम्रा काम पनि भएका छन्। धेरै प्राध्यापक, कर्मचारी र विद्यार्थीले अनुकरणीय र उदाहरणीय काम गरेका छन्। विकृति र विसंगति हुर्किँदै गएपछि राम्रा कामले त्रिविको गर्विलो इतिहास बचाउन सकेन।

जेनजी आन्दोलनको मुख्य उद्देश्य यस्तै दलीयकरण र भागबन्डाको चरम बेथिति जरैदेखि उखाल्नु हो। यसमा सम्बन्धित सबैको आँखा खुल्नु जरूरी छ।

त्रिवि सुधारका लागि यस आन्दोलनले कसलाई के के सन्देश दिएको छ, यहाँ त्यसको चर्चा गरेको छु।



### १. पदाधिकारी

अब पदाधिकारीले यथास्थिति र टालटुले काम छाडेर तीव्र गति लिनुपर्छ र प्राज्ञिक संस्कृति निर्माणको नेतृत्व गर्नुपर्छ।

उपकुलपति, शिक्षाध्यक्ष, रजिस्ट्रार, डिन, कार्यकारी निर्देशक र क्याम्पस प्रमुखले आ-आफ्ना संस्थामा भएका बेथिति र विकृतिको निर्मम समीक्षा गर्नुपर्छ। त्यस अनुसार सुधारको मार्गचित्र तयार गरी कार्यान्वयन गर्नुपर्छ।

उपकुलपति, शिक्षाध्यक्ष र रजिस्ट्रारलाई एकमुस्ट अनुरोध छ – अब विश्वविद्यालय सुधारका लागि सर्वपक्षीय गोलमेच छलफल चलाउनुहोस्। प्राध्यापक, कर्मचारी र विद्यार्थीका सबै संगठनलाई विश्वविद्यालय सुधारका निम्ति आआफ्ना अवधारणा र प्रतिबद्धता लिएर आउन आह्वान गर्नुहोस्।

सबैको अवधारणामा छलफल गर्न फोरम तयार गर्ने र नेतृत्व दिने काम तपाईंहरूको हो। त्यहाँ अन्तरसमूह छलफल होओस्, सुधारको साझा मार्गचित्र तयार होओस्। तत्कालीन र दीर्घकालीन कार्ययोजना र कार्यविधि तयार होओस्।

ऐनद्वारा संशोधन गर्नुपर्ने प्रावधानको खाकासमेत तयार होओस्। त्यस्तो खाका निर्वाचनपछि बन्ने संसद र सरकारका लागि त्रिवि सुधारको मूल आधार बनोस्।

त्यस्तो साझा मार्गचित्र र कार्ययोजनामा सबैको हस्ताक्षर र प्रतिबद्धता रहोस्। तपाईंहरूको कार्यकालमा उल्लिखित बेथितिहरू पूर्ण रूपले निर्मूल होऊन्।

### २. प्राध्यापक

पेसागत रूपमा प्राध्यापकलाई सुम्पिएका दुई महत्त्वपूर्ण जिम्मेवारी छन्। ती हुन् विचार-ज्ञान निर्माण र सम्प्रेषण। प्राध्यापक विशुद्ध रूपमा यही काममा केन्द्रित हुनुपर्छ।

प्राध्यापकका संगठनले राजनीतिक दलको पुच्छर भएर पद र सुविधाका लागि ढोका ढकढक्याउन र नेताको चाकरी गर्न बन्द गर्नुपर्छ। मागपत्र तेर्स्याउन, तालाबन्दी गर्न र पदाधिकारीलाई तर्साउन बन्द गर्नुपर्छ।

हरेक काम प्राज्ञिक र बौद्धिक सीमाभित्र रहेर गर्नुपर्छ। प्राध्यापकका वैचारिक संगठनले राजनीति दलको भ्रातृ संगठनको जस्तो काम गर्न बन्द गरी संगठनको उद्देश्य प्रस्ट पार्नुपर्छ।

वैचारिक संगठनका रूपमा दाबी गर्ने हो भने दर्शन र विचारमा बहस गर्नुपर्छ। पाठ्यक्रम, शैक्षिक कार्यक्रम र विद्यार्थी मूल्यांकनमा समयानुकूल सुधारका बारेमा छलफल चलाउनुपर्छ। अध्ययन-अनुसन्धानमार्फत ज्ञान निर्माण र प्रकाशनको नेतृत्व गर्नुपर्छ।

अध्ययन-अनुसन्धानका लागि बजेट खोज्ने, ज्ञान सम्मेलन आयोजना गर्ने जस्ता काममा लाग्नुपर्छ। यस्ता कामको वार्षिक क्यालेन्डर तयार गरी कार्यान्वयन गर्न सके मात्र संगठनको औचित्य रहन्छ।

व्यक्तिगत रूपमा हरेक प्राध्यापकले आफूले काम गर्ने संस्था र कार्यक्रममा आफूले विशिष्ट योगदान गर्ने अठोट गर्नुपर्छ, त्यस अनुसार काम गर्नुपर्छ।

हरेक प्राध्यापकले आफूलाई संगठन, राजनीतिक दल र गुटभन्दा माथि राखेर आफ्नो प्राज्ञिक पहिचान र योगदानका विषयमा सोच्नुपर्छ। नियमित शिक्षणका अतिरिक्त आफूले ज्ञान निर्माण, प्रकाशन र सम्प्रेषणको विधिद्वारा यथेष्ट योगदान गर्नुपर्छ।

### ३. विद्यार्थी

विद्यार्थीको मूल कार्य अध्ययन, सिकाइ र व्यक्तित्व विकास हो। विश्वविद्यालयमा हरेक विद्यार्थीले आफूले चाहेको विषयगत र पेसागत क्षेत्रमा आवश्यक ज्ञान, सीप, व्यवहार र व्यक्तित्व निर्माण गर्न आफ्नो समय र ऊर्जा खर्च गर्नुपर्छ।

विद्यार्थी संगठनहरू विश्वविद्यालयमा समस्याको कारण होइन, समाधान बन्नुपर्छ।

जेनजी आन्दोलनका क्रममा त्रिवि केन्द्रीय क्याम्पस लगायत धेरै क्याम्पसमा विद्यार्थी संगठनका बोर्ड किन जलाइए? यो प्रश्नको जबाफ खोज्न जरूरी छ।

राजनीतिक दल र तिनका गुटको अभीष्ट पूरा गर्ने औजार मात्र बन्ने विद्यार्थी संगठनको औचित्य रहँदैन।

विद्यार्थी संगठन विद्यार्थीका समस्या समाधानमा र शिक्षण-सिकाइ सुधारमा मात्र केन्द्रित रही मर्यादित र रचनात्मक भूमिका निर्वाह गर्नुपर्छ।

अब पेसेवर र स्थायी रूपमा विद्यार्थी नेता बन्ने परिपाटी अन्त्य हुनुपर्छ। विद्यार्थीहरूले पेसेवर नेतालाई बहिष्कार गर्नुपर्छ।

### ४. कर्मचारी

त्रिविमा कार्यरत कर्मचारीको कार्यक्षमतामा ठूलो सुधारको खाँचो छ। कर्मचारीले आफ्नो पेसागत कार्यक्षमता अभिवृद्धिका लागि सोच्नुपर्छ।

कर्मचारीको प्रशासनिक ढिलासुस्ती त्रिविको ठूलो समस्या हो। कर्मचारीहरू सेवामुखी हुन आवश्यक छ।

कर्मचारीले पनि राजनीतिक समूहका आधारमा थरीथरी संगठन बनाएका छन्। कर्मचारीहरू यसरी विभाजित हुनु अनुचित छ। एउटा पेसागत संगठनको छाताभित्र बसेर सबैले रचनात्मक भूमिका निर्वाह गर्नुपर्छ।

समग्रमा, अब राजनीतिक दलका भ्रातृ संगठनका रूपमा प्राध्यापक, विद्यार्थी कर्मचारीका अलग अलग संगठन र गुटको औचित्य छैन। यस्ता बग्रेल्ती संगठन नै विश्वविद्यालयमा दलीयकरणमा मलजल गर्ने माध्यम हुन्।

हामी झुन्ड झुन्डमा बाँडिएर दलीयकरणको मतियार किन बन्ने? भूपी शेरचनले भनेजस्तो हामी 'पुरानो क्यारम-बोर्डका गोटी' मात्र कति बनिरहने? दलको सदस्यता लिएकाहरू यी संगठनको नेतृत्वमा बस्ने अनि पेसागत भनेर पत्याइरहने?

यी प्रश्नमा सोच्न आवश्यक छ।

विश्वविद्यालय ज्ञानको मन्दिर हो। यहाँ प्राध्यापक, विद्यार्थी र कर्मचारी सबैले प्राज्ञिक संस्कृति निर्माण गर्न भूमिका निर्वाह गर्नुपर्छ। सबैले आआफ्नो कार्यस्थल र शैक्षिक कार्यक्रम उन्नत बनाउने विषयमा सोच्नुपर्छ र तदनुकूल काम गर्नुपर्छ।

पदाधिकारी र नेतृत्वले सहज रूपमा काम गर्ने वातावरण बनाउन सबै पक्षको सहयोग चाहिन्छ।

त्रिविको मूल रोग तालाबन्दी, तोडफोड र धाकधम्की हो। अहिले यो रोग सरकारी लगानीका सबै विश्वविद्यालयमा सरेको छ। त्रिविमा यस्तो रोगको निदान र उपचार सुरू हुनेबित्तिकै अन्य विश्वविद्यालयमा पनि त्यसको प्रभाव पर्न जान्छ।

प्राध्यापक, विद्यार्थी र कर्मचारीका सबै संगठनले ज्ञानको पवित्र संस्थामा अब उप्रान्त तालाबन्दी गर्दैनौं भनेर सामूहिक प्रतिबद्धता जनाउनुपर्छ। विद्यार्थी संगठन र विभिन्न गुटबाट हुने तोडफोड र धाकधम्की बन्द हुनुपर्छ।

जेनजी आन्दोलन त्रिभुवन विश्वविद्यालय र समग्र नेपाली समाजको इतिहासमा एउटा युगान्तकारी मोड हो।

यो केवल विद्रोह, तोडफोड र आगजनीको इतिहास होइन; चेतना जागृत गर्ने, विकृतिको जरा उखेल्ने र दीर्घकालीन सुधारको ढोका खोल्ने ऐतिहासिक अवसर पनि हो।

यो आन्दोलनले दशकौंसम्म थुप्रिएको दलीयकरण, भागबन्डा, कुशासन, भ्रष्टाचार र विकृति विरूद्धको जनआवाज बोलेको छ।

अब परिवर्तनको यो युगान्तकारी घटनाको साक्षी भएर पनि हामीले यथास्थितिमै पक्षपोषण गर्ने हो भने युवाहरूको बलिदानले हामीलाई पनि सराप्ने छ।

यो आन्दोलनले स्पष्ट सन्देश दिएको छ - अब त्रिवि केवल यथास्थिति र टालटुले प्रयासले चल्न सक्दैन। हालको बाटो परिवर्तन गर्न पदाधिकारीले सर्वपक्षीय संवादमार्फत सुधारको साझा मार्गचित्र तयार गर्नुपर्छ।

प्राध्यापकहरू दलगत स्वार्थभन्दा माथि उठेर ज्ञान निर्माण र अनुसन्धानमा केन्द्रित हुनुपर्छ। विद्यार्थीहरू पेसेवर राजनीति छाडेर शिक्षण-सिकाइ सुधारमा सक्रिय हुनुपर्छ। कर्मचारीहरू आफ्नो कार्यक्षमता अभिवृद्धि गरी संस्थाको सेवामा समर्पित हुनुपर्छ।

जेनजी आन्दोलन आशा र परिवर्तनको शक्तिशाली संकेत पनि हो। यसले राजनीतिक दल र सार्वजनिक संस्थाहरूलाई सुध्रिन चेतावनी र अवसर दिएको छ।

यो आन्दोलनले हरेक नेपालीसँग प्रश्न राखेको छ – हामी पुराना बेथितिमा रमाएर बस्ने कि एकजुट भएर सुसंस्कृत र समृद्ध नेपाल बनाउने?

हामीले जेनजी आन्दोलनलाई सुधारको खबरदारी मान्दै साझा प्रतिबद्धता र स्पष्ट मार्गचित्रमा आधारित भएर कार्यशैली बदल्यौं भने त्रिविले पुनः आफ्नो गौरवशाली पहिचान फर्काउन सक्नेछ, नेपाली उच्च शिक्षाको गौरव विश्वस्तरमा पुऱ्याउन सक्नेछ।

जेनजी आन्दोलनको गहिरो र दीर्घकालीन सन्देश हो- अहिलेसम्मका बेथिति उन्मूलन गरौं र गतिशील बनौं।

# विश्व अर्थतन्त्रमा सुनको प्रभाव



• शंकरमान सिंह

विसं २०८२ कात्तिक २१ गते नेपाली बजारमा सुनको मूल्य प्रतितोला दुई लाख ३८ हजार रुपियाँ पुगेको थियो । रुपियाँको अवमूल्यनले सुनको मूल्य बढ्छ । सुनको मूल्य बढ्नु पनि अर्थतन्त्रसँग सम्बन्धित हुन्छ । वर्तमान परिदृश्यमा जिडिपी, वस्तु र सेवाको उत्पादन घट्दै गएको छ । त्यसैले पनि उत्पादनको स्तर घटेको छ । यसको क्षतिपूर्ति गर्न हामीले मुद्रास्फीतिलाई सम्बोधन गर्न आवश्यक छ । हामी सामान किन्न विदेशी बजारमा गयौँ भने पनि यही अवस्था हो । यसले भारतीय मुद्राको क्रयशक्ति समानतामा कमी र यसरी विश्व बजारमा रुपियाँको अवमूल्यनलाई समेत सङ्केत गर्छ ।

बजार उथलपुथलको समयमा सुनलाई मूल्यको सुरक्षित भण्डारका रूपमा लिइने भएकाले सुनले समग्र सेयर बजारसँग उल्टो सम्बन्ध राख्छ । जब समग्र बजारले मूल्य गुमाउँछ, लगानीकर्ता सुनतिर झुम्मिन्छन् । यसले गर्दा सुनको मूल्य बढ्छ । जब सेयर बजार तल झर्छ, सुन माथि जान्छ । जब बजार राम्रो भइरहेको हुन्छ र मूल्यमा थोरै उथलपुथल हुन्छ, सुन गैरराजस्व उत्पन्न गर्ने सम्पत्तिको रूपमा बेचिन्छ ताकि कोषलाई पैसा कमाउने उद्यममा पुनः लगानी गर्न सकियोस् । जसले आपूर्तिको सम्बन्धमा मागलाई कम गर्छ । सेयर बजार माथि जान्छ, सुन तल झर्छ । त्यसो भए, सुनको मूल्यमा ऐतिहासिक वृद्धिको कारण के हो त ? सुन खानीहरूले पनि सुनको सजिलै पहुँचयोग्य स्रोतको शोषण गर्छन् ।

सुन खानी हुने देशमा जीवनस्तर बढ्दै गएको छ । कामदारले बढी ज्याला पाउँछन् । यी देशमा श्रम अधिकारमा प्रगति भइरहेको छ । जसले खानी कम्पनीहरूमा निश्चित लागत लगाउँछ । सँगै, यी दुवैको परिणामस्वरूप श्रमको लागत बढ्दै जान्छ । सुनको मूल्य बढाउनमा केही कारणले महत्वपूर्ण भूमिका खेलिरहेका छन् ।

### सुरक्षित लगानी

सुन नेपाल र छिमेकी मुलुक भारतमा विवाह समारोहको अभिन्न अङ्ग नै बनेको छ । परम्परागत रूपमा मुद्रास्फीति विरुद्धको 'हेज' को रूपमा प्रयोग गरिन्छ । अनिश्चितताको अवधिमा लगानीकर्ताका लागि सुरक्षित आश्रय मानिन्छ यसलाई । जब विश्वभर सेयर बजार, घरजग्गा र बन्डहरू घट्छन् लगानीकर्ता आफ्नो कोष जम्मा गर्न सुनतिर लाग्छन् । कोभिड-१९ पछि अन्य सम्पत्ति वर्गहरूको मूल्य र विश्वव्यापी अनिश्चिततामा आएको गिरावटले सुनलाई रेकर्ड उच्चमा पुग्न मद्दत गरेको विगतको स्मरण हुन्छ । सामान्यतः सुन र ब्याजदरमा परम्परागत रूपमा नकारात्मक सम्बन्ध हुन्छ । यो ग्यारेन्टी गरिएको छैन तर सामान्यतया ब्याज दर घट्दा सुनको मूल्य बढ्छ र दर बढ्दा तल जान्छ । बढ्दो ब्याजदरले सरकारी बन्ड र अन्य लगानीकर्ताको आकर्षण बढाउँछ । कम ब्याजदरले यी वैकल्पिक सम्पत्तिहरूलाई कम आकर्षक बनाउँछ । लगानीकर्तालाई सुनतिर धकेल्छ र माग र मूल्य बढाउँछ । यस कारणले गर्दा सुनलाई वित्तीय कठिनाइको समयमा धनको भण्डारको रूपमा हेरिन्छ ।

लगानीकर्तामाथि कुनै दायित्व छैन भने सुनले कुनै पनि प्रकारको दायित्व बढाउँदैन, यो अत्यधिक तरल छ, सुन एक आरक्षित सम्पत्ति हो र यसलाई स्थिर प्रतीक मानिन्छ । यी कारणले गर्दा नेपालमा सुनको माग सधैँ रहन्छ ।

### सुनको खानी घट्यो

अप्रिलको मध्यमा एसएनपी ग्लोबल मार्केट इन्टेलिजेन्स तथ्याङ्कले देखाएको छ केही शीर्ष उत्पादक देश धेरै सुन खानी बन्द गर्न बाध्य भएका थिए । दक्षिण अफ्रिकामा २०, मेक्सिकोमा १५, क्यानडामा १८ र पेरुमा ८ खानी बन्द भएका थिए । धेरैले आफ्नो बन्दको अवधि बढाउने घोषणा गरेका छन् । विश्वमा सुनको दोस्रो ठुलो उपभोक्ता देशका आधा सुन रिफाइनरीहरू कोभिड-१९ को विश्वव्यापी प्रकोप पछि बन्द भएका छन् । २० रिफाइनरीहरू मध्ये, अशुद्ध सुन प्रशोधन गर्ने काममा संलग्न १० रिफाइनरीहरू बन्द भएका छन् । स्विट्जरल्यान्ड, घाना र पेरुबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन नभएकाले अशुद्ध सुन आउँदैन ।

विगतमा माग बढ्दै जाँदा, विभिन्न देशमा लकडाउनका कारण सुन खानी गतिविधि गम्भीर रूपमा प्रभावित भएका थिए । यसले आपूर्तिमा असर पार्‍यो, जसले गर्दा मूल्य अझ बढ्यो । विश्व सुन परिषद्को पछिल्लो विज्ञप्ति अनुसार, छिमेकी मुलुक भारतको आरबीआई विश्वव्यापी रूपमा केन्द्रीय बैङ्कमध्ये सुनको भण्डारको दसौँ ठुलो धारकमध्ये एक हो । अमेरिका र जर्मनी शीर्ष धारकमध्येमा छन् ।

आर्थिक अवस्था बिग्रँदा, आरबीआई आफ्नो सुनको भण्डार बढाउने तर्फ अग्रसर हुन्छ किनभने सुनमा उच्च तरलता हुन्छ र मुद्रास्फीतिविरुद्धको हेजको रूपमा लिइन्छ । माग उस्तै रहन्छ र आपूर्ति घट्छ जसले गर्दा सुनको मूल्यमा वृद्धि हुन्छ । विनिमय दरमा उतारचढाव सुनको मूल्यसँग सम्बन्धित हुन्छ । जब कुनै देशले निर्यात भन्दा बढी आयात गर्छ, त्यसको मुद्राको मूल्य घट्ने छ । अर्कोतर्फ, जब कुनै देश खुद निर्यातकर्ता हुन्छ, तब त्यसको मुद्राको मूल्य बढ्ने छ । नेपाली लगानीकर्ताले जान्नुपर्ने कुरा ब्याजदर घट्दा र सरकारले मुद्रा आपूर्ति बढाउँदा सुनको मूल्य बढ्छ । जसले गर्दा नेपाली लगानीकर्ताले नीति, डलरको चाल र सुन बजारमा असर पार्ने विश्वव्यापी प्रवृत्ति बुझ्नु महत्वपूर्ण हुन्छ । बिगतमा राजाहरू वा सरकारहरूद्वारा जारी गरिएका सबै कागजी मुद्रा सुनद्वारा समर्थित हुनुपर्थ्यो ।

अमेरिकी केन्द्रीय बैङ्क वा फेडरल रिजर्भ र यसको ब्याजदरले सुनको मूल्यलाई किन असर गर्छ ? आजको दिनसम्म सुनको बजार पुँजीकरण २५ ट्रिलियन डलर छ । यो सुनको मूल्यलाई यस संसारमा शताब्दीयौँदेखि परिष्कृत गरिएको सबै सुनले गुणा गरिन्छ । दोस्रो विश्वयुद्धपछि अमेरिकी डलर धेरै देशमा व्यापारको मुद्रा बन्यो किनभने मानिसले अमेरिकी सरकार र यसको ऋण तिर्न सक्ने क्षमतामा विश्वास गर्थे । दोस्रो विश्वयुद्धपछि अमेरिकाले विश्वभर व्यापारलाई सुरक्षित गर्‍यो र अधिकांश सहभागीका लागि यसको बजार खोल्यो ।

अमेरिकाले चरणबद्ध रूपमा सुनको मापदण्ड त्याग्यो । पहिले १९३३ मा राष्ट्रपति फ्र्याङ्कलिन डी. रुजवेल्टको नेतृत्वमा घरेलु परिवर्तनीयता समाप्त गर्‍यो । त्यसपछि १९७१ मा राष्ट्रपति रिचर्ड निक्सनको नेतृत्वमा अन्तर्राष्ट्रिय परिवर्तनीयता समाप्त गर्‍यो, जसले गर्दा सुनको मापदण्ड प्रभावकारी रूपमा समाप्त भयो । दोस्रो विश्वयुद्ध पछि स्थापित 'ब्रेटन वुड्स' प्रणाली अन्तर्गत, विदेशी केन्द्रीय बैङ्कले निश्चित मूल्यमा अमेरिकी डलरलाई सुनका लागि साट्न सक्थे । १५ अगस्ट १९७१ मा, राष्ट्रपति निक्सनले एकतर्फी रूपमा अमेरिकी डलरको सुनमा प्रत्यक्ष परिवर्तनीयता निलम्बन गरे, जुन कदमलाई 'निक्सन शक' भनेर चिनिन्छ । यस कार्यले अमेरिकी डलरलाई फिएट मुद्रा बनायो र प्रभावकारी रूपमा सुन मानक प्रणालीको अन्त्य गर्‍यो, जसले गर्दा १९७३ सम्ममा विश्वव्यापी मुद्राका लागि फ्लोटिङ विनिमय दर व्यवस्था सुरु भयो । जब डलर बलियो हुन्छ, सुनको मूल्य घट्छ र जब यो कमजोर हुन्छ सुनको मूल्य बढ्छ ।

भारत र चीन जस्ता देश, जो सुनका सबैभन्दा ठुला उपभोक्ता हुन्, तिनीहरूको माग गहना र उद्योग, औषधी उपकरण आदि जस्ता विभिन्न क्षेत्रमा प्रयोग हुने अन्य प्रयोगको रूपमा सुनको ठुलो बिक्रीको कारणले बढ्छ । यो सरल कारणले व्याख्या गरिएको छ, बढी मागलाई बढी आपूर्ति चाहिन्छ, यो अवस्था पूरा भएन भने सुनको मूल्य बढ्छ । आजकल केन्द्रीय बैङ्कहरूले बढी बेच्नुको सट्टा खरिद गरेर आफ्नो भण्डारका लागि सुन जम्मा गरिरहेका छन्, त्यसैले बजारमा सुनको उपलब्धता कम हुँदा फेरि मूल्य बढ्छ । सुनको मूल्यले यतिबेला विश्व बजार तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ ।

अन्तर्राष्ट्रिय सञ्चार माध्यमले विभिन्न कमोडिटी बजार अनुसन्धान अधिकृतहरूको भनाइ उद्धृत गर्दै मूल्य अझै बढ्ने प्रक्षेपण गरिरहेका छन् । कोभिड महामारी तथा रुस-युक्रेन युद्धपछि चीन, भारत, अमेरिकालगायत देशले सुन भण्डारण बढाए । विश्वका केन्द्रीय बैङ्कहरूले सन् २०२२ देखि २०२३ सम्म दुई वर्षमै औसत एक हजार ६० टन सुन किनेको तथ्याङ्क सार्वजनिक भएको छ । जबकि २०१६ देखि २०१९ बीच तीन वर्षमा जम्मा ५०९ टन किनेका थिए ।

नेपालको सन्दर्भमा सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ । सुनलाई इज्जत र सामाजिक प्रतिष्ठासँग जोडेर हेरिने गरेकाले विवाह, विभिन्न चाडपर्व तथा सांस्कृतिक कार्यमा सुन प्रयोग गरिँदै आएको छ, यसले त्यस्ता कार्यमा खर्च बढाउँछ । विश्वका विभिन्न देशका कमोडिटी बजारमा सुन कारोबार हुन्छ । नेपालमा कमोडिटी बजार नै छैन । केही वर्षअघि सञ्चालनमा रहेका कमोडिटी बजारसमेत नीतिगत व्यवस्था पर्याप्त नरहेको भन्दै बन्द गरेको धितोपत्र बोर्डले नयाँ सञ्चालनका लागि खास तदारुकता देखाएको छैन ।

नेपालमा, सुनको खरिदमा भन्सार शुल्क र मूल्य अभिवृद्धि करसहित धेरै कर लाग्ने प्रावधान नयाँ बजेटले गरेको छ । केही उच्च-मूल्यका गहना खरिदमा विलासी कर लागू हुन सक्छ । यी करले सुनको समग्र लागतमा योगदान पुर्‍याउँछन् र यसको मूल्य र बिक्रीलाई असर गर्न सक्छन् । सरकारले आयातित सुनमा १५ प्रतिशत भन्सार शुल्क लगाएको छ, जसले गर्दा सुनको मूल्य बढेको छ र बिक्रीमा पनि कमी आएको छ । यी करले सुनको मूल्य उच्च बनाउन योगदान पुर्‍याउँछन्, सम्भावित रूपमा नेपाली गहनाहरू छिमेकी देश भन्दा महँगो बनाउँछन् । यसले सुनको मागलाई असर गर्छ । करका कारण सुनको मूल्य बढ्दा सुनको बिक्रीमा मन्दी आउन सक्छ र सम्भावित रूपमा तस्करी र अवैध व्यापारलाई प्रोत्साहन गर्न सक्छ । सुनको व्यापार धेरै व्यापारी र लगानीकर्ताका लागि रणनीतिक लगानी निर्णय हुन सक्छ ।

# अरिदमन गणमा दिक्षान्त समारोह सम्पन्न

झापा(प्रस)।श्री अरिदमन गण चारआली व्यारेकमा सि.नं. १० सैन्य आधार तालिमको अन्तिम दलेल कवाज (दिक्षान्त समारोह) सोमवार सम्पन्न भएको छ । २०८१ मंसिर १६ गतेदेखि सञ्चालन भएको सि.नं. १० सैन्य आधार तालिमको अन्तिम दलेल कवाज (दिक्षान्त समारोह) श्री नं. २१ वाहिनी अड्डा तोपगाछीका वाहिनीपति सहायक रथी मनिकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि बाहिनीपति सहायक रथी श्रेष्ठले कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट हुने सैन्यहरुलाई पुरस्कृत समेत गरिएको थियो । श्री अरिदमन गणबाट दिक्षित भएका १०५ जना सैन्यमध्ये पाल्पा रम्भा गाउँपालिका वडा नं. ४ स्थायी घर भएका सैन्य योगेन्द्रबहादुर दिशा उक्त तालिममा सर्वोत्कृष्ट हुन सफल भएका थिए । त्यस्तै डि्रलमा प्रथम रमेश गुरुङ, दौडमा प्रथम विशेष कार्की, फायरिङमा प्रथम सन्दिप पुन, बाँधापारमा प्रथम टिकाराम राना र कमान्डिङ्ग अफिसर मोटिभेशनमा प्रथम सुमन वाईवा भएका छन् । ९ महिने समयावधिको कठिन



तालिम सफलतापूर्वक सम्पन्न गरी सिपाही दर्जामा नियुक्त हुने १०५ जना सैन्यहरुलाई बधाई तथा शुभकामना दिनुका साथै तालिम टोलीद्वारा प्रदर्शन गरिएको कवाजको निरीक्षण समेत गरेका थिए ।

दिक्षान्त समारोहलाई सम्बोधन गर्दै बाहिनीपति सहायक रथी श्रेष्ठले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा गौरवमय इतिहास बोकेको नेपाली सेनाले जहिले पनि राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता र राष्ट्रिय एकताको पक्षमा काम गर्नुपर्ने बताए । 'राष्ट्रको मेरुदण्ड भनेको नेपाली सेना हो, सेनाको मेरुदण्ड भनेको तालिमप्राप्त सिपाही हो त्यसैले नेपाली सेनाले जहिले पनि राष्ट्रप्रति वफादार भई नेपाली सेनाको मूल्य मान्यतालाई आत्मसात गरि नेपाली सेनाको छाती उच्च राख्न सदैव तयार हुनुपर्छ' भन्दै तालिम प्राप्त सैन्यहरुलाई संबोधन गरेका थिए । सैन्य आधारभूत तालिम पूरा गरेका सिपाहीहरु नेपाली सेनाका विभिन्न युनिटहरुको दरवन्दीमा नियुक्त हुनेछन् ।

दिक्षान्त समारोहमा श्री अरिदमन गणका कर्णेल कमाण्डडान्ट उपरथी सागरबहादुर थापा (अ.प्रा), मेचीनगर नगरपालिका मेयर गोपालचन्द्र बुढाथोकी, झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, वाहिनी अड्डाका अधिकृतहरु, श्री अरिदमन गणका गणपति, अधिकृतहरु, झापा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, विभिन्न कार्यालयका प्रमुख, पत्रकारहरु र दिक्षित भएका सिपाहीहरुका परिवार तथा आफन्तजनहरुको समेत सहभागिता रहेको थियो । यसैगरी सोमवार नै नेपाली सेनाका विभिन्न तालिम केन्द्र तथा युनिटहरुमा गरी जम्मा २ हजार ४०६ जना सैन्यहरु दिक्षित भएका छन् ।

# व्यवसायी सदस्य राहत कोषमा डालमियाको सहयोग

झापा(प्रस) । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष उमेश डालमियाले बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको 'व्यवसायी सदस्य राहत कोष'मा आर्थिक सहयोग गरेका छन् ।

आफ्नो जन्मदिनको अवसर पारेर डालमियाले एक करोडको लक्ष्यसहित स्थापना गरिएको राहत कोषमा २५ हजार रुपैयाँ प्रदान गरेका हुन् । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेलाई केन्द्रीय सदस्य डालमियाले उक्त रकम



हस्तान्तरण गरेका थिए । रकम हस्तान्तरण समारोहमा बोल्दै आफ्नो कार्यकालमा समेत हुन नसकेको र सबै व्यवसायीको हितका लागि साझा कामको शुरुवात गरेको भन्दै डालमियाले खुशी ब्यक्त गरेका थिए । उनले कोषमा अन्य उद्योगी व्यवसायीलाई समेत जोड्ने प्रतिवद्धता जनाउँदै कोषको लक्ष्य अनुसार एक करोड रुपैयाँ पुर्‍याउन आफ्नो तर्फबाट हुन सक्ने थप सहयोग गर्ने जनाएका छन् । बिर्तामोडस्थित वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रममा कोषमा रकम प्रदान गर्ने डालमियालाई कदरपत्रद्वारा सम्मान गरिएको थियो । संघका अध्यक्ष न्यौपानेले केन्द्रीय सदस्य डालमियालाई जन्मदिनको शुभकामनासहित कदरपत्र हस्तान्तरण गरेका थिए । संघका महासचिव कुशल खतिवडाले सञ्चालन गरेको कार्यक्रममा संघका विशिष्ठ सदस्य निर्मल भट्टराई, उद्योग उपाध्यक्ष विशाल थापा, वाणिज्य उपाध्यक्ष जीवनकुमार खड्का, वाणिज्य सचिव राजकुमार शाह, सदस्यहरु केदार खनाल, सुशीलाकुमारी कार्की, सुष्मा उप्रेती सुवेदी, विशेश्वरप्रसाद बजगाई विपिनलगायतको उपस्थिति रहेको थियो ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१९

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ